# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्धारा विकू बचत तथा ऋण सहकारी संस्था लि.को साधारणसभा तथा स्थापनाको रजत महोत्सवलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले पुस ४ गते विकू बचत तथा ऋण सहकारी संस्था लि., गैडाकोट, नवलपरासीको २६ औं साधारणसभा तथा उक्त संस्था स्थापनाको रजत महोत्सवको उद्घाटन गर्नु भयो ।



सो अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले चितवन र नवलपरासी आसपासको यस क्षेत्र सहकारीको उद्गम स्थल रहेको र यसै स्थानमा व्यापक जनसहभागितामा उत्कृष्ट ढंगले संचालित सहकारी संस्थाको विकास हुनु राम्रो संयोग भएको बताउनु भयो ।

सहकारी गरिब र न्यून आय भएका व्यक्तिका लागि भएको हुँदा देशबाट गरिबी न्यूनीकरण गर्ने कार्यमा सहकारी संस्थाहरू सहयोगी हुने विश्वास समेत उहाँले व्यक्त गर्नुभयो । सानो सानो बचतबाट जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्न सहकारीका सदस्य एवम् संचालकहरू लाग्नु पर्ने उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले बचतका साथै ऋण उपभोग गरी उत्पादनमूलक कार्यमा लगानी गर्न सहकारीका सदस्यहरूलाई आग्रह गर्नु भयो ।

सहकारी संस्थाको सफलतामा यस संस्थाका सदस्यहरूको महत्वपूर्ण भूमिका रहने हुँदा सदस्यहरू अत्यन्त चनाखो भई संस्थाको कारोवार संचालन सम्बन्धमा नियमित रूपमा अनुगमन गर्न आवश्यक रहेको बताउनु भयो ।

विश्वका अन्य मुलुकहरूको तुलनामा नेपालमा बचत दर कम रहेको प्रसंग उल्लेख गर्नु हुँदै गभर्नर डा. नेपालले सहकारीहरूले जनताको अनावश्यक र फजुल खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी बचतलाई प्रोत्साहन गर्दै समग्र देशको बचत दर वृद्धिमा सहयोग पुऱ्याउनु पर्ने उल्लेख गर्नु भयो । जापान, सिंगापुर, स्वीडेन जस्ता धनी देशहरूमा सहकारी व्यापक रूपमा संचालनमा रहेको चर्चा गर्नु हुँदै उहाँले देश विकसित हुन सच्चा सहकारिताको भावनाले संचालित सहकारी संस्थाहरूको विकास हुनु पर्ने कुरा औंल्याउनु भयो । वित्तीय चेतना अभिवृद्धिमा नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूले अगुवाईको भूमिका निर्वाह गरेको उल्लेख गर्नु हुँदै उहाँले घर घरमा बचत संकलन र यसको महत्वको बारेमा सहकारीमार्फत सर्वसाधारणसमक्ष सन्देश पुऱ्याउन आग्रह गर्नुभयो । यस सन्दर्भमा सहकारी संस्थाहरू देशमा वित्तीय चेतना बढाउने कार्यको संवाहक हुन सक्ने कुरा बताउनु भयो ।




कार्यक्रममा गभर्नर डा. नेपालले विकू रजत ग्रन्थको विमोचन गर्नुका साथै संस्थालाई हाल यस अवस्थासम्म ल्याइपुऱ्याउन विशेष योगदान गर्ने संस्था, व्यक्ति, कर्मचारी लगायतलाई सम्मान समेत गर्नु भएको थियो ।